प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश

## प्रदेश निजामती सेवा अन्तर्गत अधिकृतस्तर नवौं तहका (अप्राविधिक) पदहरुको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।

सूचना नं. २६९/०८२-८३ प्रकाशन मिति:२०८३/०२/२३

प्रदेश निजामती सेवा ऐन, २०८० (पहिलो संशोधन) बमोजिम लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पदपूर्तिका लागि विशेष माग भई आएका देहाय बमोजिमका सेवा, समुह र उपसमूहका अधिकृत स्तर नवौं तहका (अप्राविधिक) पदहरुमा प्रदेश निजामती सेवा ऐन तथा नियमावली बमोजिम अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका पदहरुमा तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट (online) दरखास्त दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं | पद | सेवा/समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| (अ) प्रदेश प्रशासन सेवातर्फ | | | | | |
| १ | ५००५०/०८२/८३ | उपसचिव/उप-निर्देशक | प्रदेश प्रशासन/सामान्य प्रशासन | अन्तर तह | २ |
| २ | ५००५१/०८२/८३ | | | खुला | २ |
| ३ | ५००५२/०८२/८३ | | | दलित महिला | १ |
| ४ | ५००५३/०८२/८३ | | | थारु महिला | १ |

**परीक्षाको किसिम:-** लिखित परीक्षा र अन्तर्वार्ता साथै मामिला अध्ययन,विश्लेषण,प्रस्तुतीकरण ।

**परीक्षा केन्द्र:-** बुटवल

**परिक्षा मिति,समय र स्थान:-** परीक्षा मिति सम्बन्धी जानकारी आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np मार्फत पछि प्रकाशन गरिनेछ ।

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

**दरखास्तको माध्यम:-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ । उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ । विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ ।

**दरखास्त दस्तुर:-** दरखास्त दस्तुर रु. १२००।- (एकहजार दुईसय) बुझाउनु पर्नेछ । थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. ५००/- (पाँचसय) थप दस्तुर बुझाउनुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्नु पर्नेछ । Online Payment गर्ने उम्मेदवारहरूले तोकिएकाहरूमध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिने छ । Offline

Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ ढिलोमा दोब्बर दस्तुरको भोलिपल्टसम्ममा बुझाइ सक्नुपर्नेछ । यस सम्बन्धी विस्तृत विवरण वेबसाइटमा राखिएको User Manual मा छ ।

**दरखास्त दिने अन्तिम मिति:-** २०८३।०३।१२ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८३।०३।१९ गतेसम्म ।

**उम्मेदवारको उमेरको हद:-** प्रचलित कानून अनुसारका प्रदेश निजामती सेवाका पदहरूमा २०८३।०३।१२ सम्म २१ वर्ष उमेर पूरा भै ४५ वर्ष ननाघेको । संघीय र सबै प्रदेशका निजामती सेवाका स्थायी कर्मचारी र लुम्बिनी प्रदेश भित्रको स्थानीय सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**पेश गर्नुपर्ने कागजातहरु:-** दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने प्रमाणित कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ ।
*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ ।*

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी कानुन बमोजिम प्रदेश सरकारले तोके बमोजिम ।

**सेवा, शर्त र सुविधा:-** प्रचलित कानुन बमोजिम हुने ।

**सेवा सम्बन्धी मन्त्रालय:-** सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित निकाय ।

यस संग सम्बन्धित थप विवरण यस आयोगको वेवसाइट www.ppsc.lumbini.gov.np मा हेर्नुहोला ।

**आवश्यक न्यूनतम योग्यता:**

**(क) अन्तर तह प्रतियोगिताका लागि आवश्यक योग्यता:**

१. प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा ४ र प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ७० बमोजिमको योग्यता पुगेको ।
२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १८ बमोजिम अयोग्य नठहरिएको ।

**(ख) खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवा ऐन ,२०८० को दफा १८ बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लागि उम्मेदवार हुन सक्नेछन् ।

**(ग) खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता**

१. प्रदेश प्रशासन सेवा/ सामान्य प्रशासन समूह, उपसचिव/उपनिर्देशक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र,व्यापार प्रशासन,जनप्रशासन, शिक्षाशास्त्र, कानुन वा विज्ञानमा स्नातकोत्तर वा सो सरह गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त गरेको ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ ।

**(क)** थारुका हकमा : थारु आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, थारु आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

**(ख)** दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातीको सूचीको आधारमा तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

## द्रष्टव्य

**(क)** प्रदेश निजामती ऐन, २०८० को दफा १० को उपदफा १४ बमोजिम समान तहको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकाले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

**(ख)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

**(ग)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

**(घ)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।

**(ङ)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list/पाठ्यक्रम बाट प्राप्त गर्न सकिनेछ। सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ।

**(च)** दरखास्त दिने अन्तिम मितिभित्र (सिङगल दस्तुरको मिति) निर्धारित शैक्षिक योग्यता, अनुभव, समावेशी समूह सिफारिसका प्रमाणपत्र, काउन्सिल दर्ता र नवीकरणको प्रमाणपत्र र अन्य योग्यताको प्रमाणपत्र हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुरको अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

**(छ)** माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८१ बमोजिम हुनेछन्।

**(ज)** दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।